# जनहित अक्षय कोष

## कुरुले तेनुपा गाविसभित्र जेष्ठ नागरीक सम्मान

## र

## विद्यार्थी छात्रवृत्ति कार्यक्रमका लागि

# सञ्चालन कार्यविधि–२०६९

## जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटा

# जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटा

# जनहित अक्षय कोष सञ्चालन कार्यविधि-२०६९

१. **प्रस्तावना**

धनकुटा जिल्ला सदरमुकामबाट पुर्व दक्षिण भेगमा एघार कोष टाढा रहेको कुरुले तेनुपा गाविस भौगोलिक दृष्टिकोणबाट दुर्गम र विकासको दृष्टिकोणबाट पछि परेको गाविस हुँदै गएको छ । पछिल्लो समयमा अवसरको खोजीका रुपमा कुरुले तेनुपा गाविसबाट बसाईं सरी जाने, रोजगारीको लागि बाहिर जाने कारण जनघनत्व घट्दै गएको यथार्थ सबैसामु छर्लङ्ग छ । लामो समय गाऊँ बाहिर रहेर पनि गाऊँको सम्फना र मायामा रमाउने कुरुलेबासीहरु समेतको सामुहिक सहभागितामा गाऊँबासीहरुमाफ हरेक वर्ष कम्तिमा एक पटक सार्वजनिक कार्यक्रम नियमित गर्न सकियोस् र भावि पुस्ताका लागि प्रेरणाको स्रोत बन्न सकोस् भन्ने उद्धेश्यले जनहित असल शासन क्लबको संरक्षकत्वमा **'जनहित अक्षय कोष'** स्थापना गरिएको हो ।

यसै प्रस्तावनाको भावना अनुरुप संस्थाले धनकुटा जिल्लाको कुरुले तेनुपा गाविस स्थायी ठेगाना हुनुहुने र कुरुले तेनुपा गाविसभित्र, जिल्लाभित्र, देशभित्र र देश बाहिर बस्नुहुने ११७ जना महानुभावहरुको सामुहिक आर्थिक सहयोगमा पहिलो पटक **काबेली विकास बैंक, धनकुटा**मा मिति २०६८ चैत्र ३० गते नगद **रु. १,००,००५/- अक्षरेपी एक लाख पाँच रुपैया** मात्रको **'जनहित अक्षय कोष'** स्थापना गरेको हो । (संस्थापक सहयोगदाताहरुको सुची अनुसुचीमा संलग्न भए अनुसार हुनेछ ।) उक्त कोषबाट कुरुले तेनुपा गाविस स्थायी ठेगाना राखी नागरीकता प्राप्त गरेर बसोबास गर्नुहुने जेष्ठ नागरीकहरुको पहिचान गरी सम्मान गर्न र कुरुले तेनुपा स्थायी ठेगाना भई गाविसभित्र रहेका सार्बजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने अभिप्राय राखेको हुँदा उक्त कोष सञ्चालनको लागि यो कार्यविधि तयार पारिएको छ । यस अक्षय कोषलाई हरेक वर्ष निरन्तर वृद्धि गर्दै जाने गरी यो कार्यविधि जनहित असल शासन क्लबको कार्य समितिको **मिति २०६९ बैशाख ५ गते**को निर्णयबाट स्वीकृत गरी लागु गरिएको छ ।

२. **उद्देश्य**

यो कार्यविधिका उद्देश्यहरु यस प्रकार रहेका छन् :

(क) जनहित छात्रवृत्ति वितरण गर्ने,

(ख) जनहित जेष्ठ नागरीक सम्मान प्रदान गर्ने,

(ग) कोष सञ्चालनको पारदर्शिता कायम गर्ने ।

## ३. लक्षित समूहको परिभाषा

यस कार्यविधि अन्तर्गत सम्मान तथा छात्रवृत्ति पाउने लक्षित समूह भन्नाले :

(क) जेष्ठ नागरिक

(अ) ७० वर्ष उमेर पुरा भएका कुरुले तेनुपा गाविस स्थायी ठेगाना भएका गाविस भित्र वा गाविस बाहिर बसोबास गरिरहनु हुने जेष्ठ नागरीकहरु मध्ये गाविसको अभिलेख वा नागरीकताको प्रमाणपत्रका आधारमा,

(ख) छात्रवृत्ति पाउने विद्यार्थी

कुरुले तेनुपा गाविसमा रहेका सरकारी मान्यता प्राप्त निम्न तहका विद्यालयहरुमा अध्ययनरत कुरुले तेनुपा गाविस स्थायी ठेगाना भएका विद्यार्थीहरु :

(अ) कक्षा १-३ सम्म रहेका सबै प्राथमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी ।

(आ) कक्षा १-५ सम्म अध्ययनरत सबै प्राथमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु ।

(इ) कक्षा १-८ सम्म रहेका सबै निम्न माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी ।

(ई) कक्षा १-१० कक्षासम्म रहेका सम्पुर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थी ।

## ४. जेष्ठ नागरीक सम्मान सम्बन्धी व्यवस्था

यस कार्यविधि वमोजिम **'जनहित जेष्ठ नागरीक सम्मान'** पाउन योग्य जेष्ठ नागरिक निम्न अनुसार हुनेछ :

(क) यस प्रयोजनका लागि कुरुले तेनुपा गाविस स्थायी ठेगाना भएको नेपाली नागरिकताको प्रमाणपत्रको उमेरलाई जेष्ठताको आधार लिइनेछ ।

(ख) सम्बन्धित व्यक्तिको नागरीकताको प्रतिलिपी पेश गरी गाविसबाट जेष्ठताको सिफारिस भएको हुनुपर्नेछ ।

(ग) जन्म स्थान कुरुले तेनुपा भए पनि बसाई सरी गएको वा गाऊँ छोडेर गएको तर नेपाली नागरीकता कुरुले तेनुपामा हुँदा नै बनाएको जेष्ठ नागरीकलाई समेत यो सम्मान प्रदान गर्न सकिनेछ ।

(घ) गाऊँ विकास समितिमा सामाजिक सुरक्षा भत्ता लिइरहेको विवरणबाट जेष्ठ नागरीकहरुको अभिलेख संकलन गरिनेछ भने हरेक वर्ष एक महिनाको म्याद राखी आषाढ महिनाभर सार्बजनिक सुचना प्रकाशित गरी जेष्ठ नागरीकहरुको सुचना संकलन गरिनेछ ।

(ङ) संकलित अभिलेख र विवरणबाट गाऊँ स्तरीय सिफारिस समितिको निर्णयबाट सम्मान पाउने व्यक्तिको नाम सिफारिस गरी निज वा निजको आफन्तलाई लिखित पत्रमार्फत जानकारी गराई 'सम्मान कार्यक्रम' मा आमन्त्रण गरी औपचारिक कार्यक्रममा सम्मान गरिनेछ ।

(च) जेष्ठ नागरीक छनौट प्रक्रियामा तोकिएको म्यादभित्र जानकारी प्राप्त हुन नसकी सिफारिस समितिबाट सिफारिस भइसकेपछि सिफारिस व्यक्तिहरुभन्दा बढी उमेर हुने जेष्ठ नागरीकको विवरण प्राप्त हुन आएमा आगामी वर्ष निजलाई प्राथमिकतामा राख्ने गरी सिफारिस समितिको सिफारिस भइसकेको निर्णयलाई नै कायम गरी कार्यान्वयन गरिनेछ ।

(छ) सम्मान कार्यक्रमको अध्यक्षता गाविसस्तरीय सिफारिस समितिको संयोजकले गर्ने व्यवस्था गरिनेछ ।

## ५. छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्था

यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको चयन निम्न अनुसार गरिनेछ :

(क) कुरुले तेनुपा गाविस भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कुरुले तेनुपा स्थायी ठेगाना भएका विद्यार्थीहरु मात्र यो छात्रवृत्तिको लागि योग्य हुनेछन् । विद्यार्थीहरुको चयन निम्न आधारमा गरिनेछ :

- विद्यालयको सिफारिस
- विपन्न, जेहन्दार, टुहुरा
- असहाय, भिन्न शारीरिक क्षमता भएका, सिमान्तकृत
- उत्कृष्ट अंक प्राप्त गरेको
- स्रोत केन्द्रस्तरीय परीक्षामा उत्कृष्ट
- विद्यालयभित्र उत्कृष्ट
- अध्ययनरत कक्षा
- अतिरिक्त क्रियाकलाप
- खेलकुदमा रुची
- अनुशासन, प्रतिभा
- गरीब, अति गरीब

(ख) संस्थाको तर्फबाट कुरुले तेनुपा गाविसभित्रका सम्पुर्ण सरकारी विद्यालयहरुलाई लिखित रुपमा विद्यार्थीको विवरण सहित सिफारिस गर्न पत्राचार गरिनेछ ।

(ग) सम्बन्धित विद्यालयले ५ (क) मा उल्लेखित आधारमध्येका विद्यार्थीहरुमध्येबाट एक जना छात्र र एक जना छात्रा गरी कुल २ जना विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयसहित सिफारिस गरी पठाउनु पर्नेछ । विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपी पठाउँदा पदाधिकारीहरुको दस्तखत सहितको प्रतिलिपी पठाउनु पर्नेछ ।

(घ) गाविसभित्रका विद्यालयहरुबाट तोकिएको समयावधिमा प्राप्त सिफारिसहरुलाई मात्र गाविसस्तरीय सिफारिस समितिको बैठकले मुल्याँकन गरी छात्रवृत्ति पाउने विद्यार्थीहरुको नाम र संख्या सिफारिस गर्नेछ ।

## ६. सिफारिस समितिको गठन सम्बन्धी व्यवस्था

१. छात्रवृत्ति पाउने छात्रछात्रा सिफारिस तथा जेष्ठ नागरीकहरुको चयन र सिफारिस गर्नको लागि देहाय बमोजिमको एक गाविसस्तरीय सिफारिस समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | गाउँ विकास समितिको उच्च माविका प्राचार्य | अध्यक्ष |
| (ख) | निम्न माध्यमिक विद्यालयहरुमध्येबाट एक जना प्रअ | सदस्य |
| (ग) | प्राथमिक विद्यालयहरुमध्येबाट एक महिला सहित दुई जना प्रअ | सदस्य |
| (घ) | विद्यालय व्यवस्थापन समितिहरुमध्येबाट एक जना अध्यक्ष | सदस्य |
| (ङ) | जनहित असल शासन क्लबका अध्यक्ष एक जना | पदेन सदस्य |
| (च) | जनहित असल शासन क्लबका कार्यकारी निर्देशक | सदस्य सचिव |

२. सिफारिस समितिको कार्यकाल गठन भएको मितिबाट २ वर्षको हुनेछ ।

३. अक्षय कोषमा सहयोग गर्नुहुने महानुभावहरुमध्येबाट लब्धप्रतिष्ठित, शिक्षा क्षेत्रमा लामो समय अनुभव भएका व्यक्तिहरुमध्येबाट सिफारिस समितिले आवश्यकता अनुसार ३ देखि ५ सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्नेछ । सल्लाहकार समितिका सदस्यहरुलाई सिफारिस समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सकिनेछ । सल्लाहकार समितिको कार्यकाल सिफारिस समितिले निर्णय गरेबमोजिम गरिनेछ ।

**७. लक्षित समूहले पाउने सुविधाः**

(१) यस कार्यविधिको अधिनमा रही सिफारिस समितिले सिफारिस गरेका विद्यार्थी र जेष्ठ नागरीकहरुले अक्षय कोषको ब्याजबाट प्राप्त हुने रकममध्ये निम्न अनुसार वितरण गर्ने व्यवस्था गरिनेछ :

(क) जेष्ठ नागरिक सम्मानको लागि अक्षय कोषको कुल ब्याज रकमको ४०% ले हुन आउने कुल रकम ।

(ख) छात्रवृत्तीको लागि अक्षय कोषको कुल ब्याज रकमको ४०% ले हुन आउने कुल रकम ।

(ग) अक्षय कोषको कुल रकमको २०% ले हुन आउने रकम प्रशासनीक खर्च गरिनेछ ।

(२) हरेक वर्ष अक्षय कोषको व्याजबाट प्राप्त हुने रकम श्रावण पहिलो साता बैंक स्टेटमेन्टमार्फत निर्धारण गरी श्रावण दोस्रो साता सिफारिस समितिमा पेश गरिनेछ र सिफारिस समितिले सिफारिस गर्ने संख्या र वितरण गर्ने रकम सिफारिस समितिमा निर्णय भएबमोजिम हुनेछ । समितिले विद्यार्थी र जेष्ठ नागरीकको नाम सिफारिस गर्दा बराबर संख्या सिफारिस गर्नुपर्नेछ ।

(३) सिफारिस समितिले निर्णय गर्ने र संस्थाको कार्यसमितिले अनुमोदन गरी कार्यान्वयन गर्ने आर्थिक कारोवारको जानकारी छात्रवृत्ति वितरण तथा जेष्ठ नागरीक सम्मानको लागि आयोजना हुने सार्बजनिक कार्यक्रममा आयव्यय विवरण सार्बजनिक गरी पारदर्शीता कायम गरिनेछ ।

(४) सिफारिस समितिले सिफारिसको निर्णय गर्दा हरेक वर्ष सम्भव भएसम्म जेष्ठ नागरीक एवं विद्यार्थीहरुको नामावली अघिल्ला वर्षहरुमा सम्मान वा छात्रवृत्ति प्राप्त गरिसकेका व्यक्तिहरु नदोहोरिने गरी नाम सिफारिस गर्नु वाञ्छनीय हुनेछ ।

**८. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :**

(क) अक्षय कोषबाट प्रदान गरिने सम्मान र छात्रवृत्तिको लागि सिफारिस भई आएको नामावलीलाई संस्थाले कार्यक्रम हुनुभन्दा दुई साता अगाडि नै लिखित रुपमा पत्राचार गरी आमन्त्रण गर्नेछ ।

(ख) अक्षय कोषबाट प्राप्त हुने व्याजबाट गरिने कार्यक्रम हरेक वर्ष एक पटक संस्थाको वार्षिकोत्सवको अवसरमा भाद्र ११ गते अर्थात भाद्र दोस्रो साता कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) एक वर्षभरिमा प्राप्त हुने व्याज रकम सोही वर्ष खर्च गरिसक्नु पर्नेछ । यदि खर्च हुन नसकेमा सो रकम पुनः बैंक खातामा दाखिला गरी आगामी वर्षको कार्यक्रममा खर्च गर्ने गरी संचित राखिनेछ ।

(घ) हरेक वर्ष संस्थाले निर्णय गरी अक्षय कोषको लागि वर्षभरि प्राप्त हुने सहयोग रकम समेत थप गरी अक्षय कोषको बैंकमा मुद्धती खाता नविकरण गरिनेछ ।

(ङ) अक्षय कोषको लागि कुरुले तेनुपा स्थायी ठेगाना हुनुहुने महानुभावहरुबाट वर्ष भरिनै निरन्तर सहयोग संकलन गरिनेछ । त्यसरी प्राप्त भएको सहयोग रकम बैंक खातामा जम्मा गरी आम्दानी बाँधेर संस्थाले अभिलेख राख्नेछ ।

**९. सम्मान/छात्रवृत्ति प्रदान गर्ने व्यवस्थाः**

(क) हरेक वर्षको सिफारिस समितिबाट सिफारिस भई संस्थामा अनुमोदन भएका जेष्ठ नागरीकहरुको नामावली र विद्यार्थीहरुको सुचीलाई संस्थाले छुट्टै अभिलेखिकरण गर्नेछ ।

(ख) जेष्ठ नागरीकहरुको सम्मानको हकमा निजलाई कार्यक्रमस्थलसम्म ल्याउने व्यवस्था आफन्तजनबाट गर्नुपर्नेछ ।

(ग) विद्यार्थीहरुको हकमा संस्थाले सम्बन्धित विद्यालयमार्फत अभिभावक समेत उपस्थित हुने गरी पत्राचार गर्नेछ र अनिवार्य अभिभावक उपस्थित भएर छात्रवृत्ति प्रदान गर्दा कार्यक्रममा सहभागिता जनाउनु पर्नेछ ।

(ग) जेष्ठ नागरीक सम्मान गर्दा सम्मान पत्र र नगदबाट गरिनेछ । हरेक वर्ष जेष्ठ नागरीक सम्मान गर्दा नदोहोरीने गरी व्यवस्था गरिनेछ ।

(घ) विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्दा अभिभावकको रोहवरमा नगद र प्रमाणपत्र प्रदान गरिनेछ ।

(ङ) नगद पुरस्कार प्रदान गर्दा नेपाल सरकारको ऐन नियमानुसार वितरण गरिनेछ ।

(च) संस्थाको तर्फबाट अक्षय कोषको कार्यक्रम सम्पन्न गरिसकेपछि त्यसको प्रतिवेदन तयार पारी अभिलेखीकरण गरिराख्नु पर्नेछ । साथै सम्पुर्ण अभिलेखहरु नियमित अध्यावधिक गर्दै समेत जानु पर्नेछ ।

(छ) हरेक वर्ष सम्मानीत जेष्ठ नागरीक र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण अध्यावधि हुँदै जानेछ ।

**१०. खाता सञ्चालनसम्बन्धी व्यवस्था**

(क) अक्षय कोषको व्याज प्रयोजनको लागि जनहित असल शासन क्लब, कुरुले तेनुपाले निर्णय गरी जनहित अक्षय कोषको नाममा अक्षय कोष स्थापना गरेको बैंकमा छुटै बचत खाता खोलिनेछ ।

(ख) अक्षय कोषको खाता सञ्चालनको लागि संस्थाका अध्यक्ष, कोषाध्यक्ष र कार्यकारी निर्देशकको संयुक्त दस्तखतबाट खाता खोलिनेछ भने संस्थाका कोषाध्यक्षको दस्तखत अनिवार्य गरी अध्यक्ष वा कार्यकारी निर्देशकमध्ये कुनै एकको दस्तखत ऐच्छिक रहने गरी चेकमार्फत कारोवार गरिनेछ ।

(ग) अक्षय कोषको आर्थिक कारोवारको अध्यावधिक संस्थाको लेखा शाखाले गर्नेछ ।

### ११. अक्षय कोष र ब्याज परिचालनको लेखापरीक्षण सम्वन्धी व्यवस्थाः

(क) यस संस्थाको निर्णय अनुसार नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थामा "जनहित अक्षय कोष" स्थापना हुनेछ । सो अक्षय कोषको लागि संस्थाले नियमानुसार लिखित सम्झौता गर्नेछ ।

(ख) अक्षय कोष एक वर्षको लागि रोलिनेछ । हरेक वर्ष सहयोगदाताहरुबाट प्राप्त थप सहयोग रकम समावेश गरी अक्षय कोषलाई बढाएर पुनः लिखित सम्झौता गरी बैंक तथा वित्तिय संस्थामा राखिनेछ ।

(ग) संस्थाको नियमित लेखापरीक्षण गर्दा अक्षय कोषको विवरण स्पष्ट खुल्ने गरी लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिनेछ । अक्षय कोषको विवरण र परिचालनको अभिलेख हेर्न चाहने सरोकारवालालाई लिखित निवेदन माग गरी पारदर्शी रुपमा यथार्थ अभिलेख देखाउन सकिनेछ ।

(घ) अक्षय कोषको सम्पुर्ण कारोवारको अभिलेख दोहोरो लेखा प्रणालीको नियमानुसार राखिनेछ । लेखा परीक्षण गर्दा संस्थाको निर्णय बमोजिम मान्यता प्राप्त रजिष्टार्ड लेखा परीक्षकबाट गराइनेछ ।

### १२. अक्षय कोष परिचालन तालिका :

यस कार्यविधि वमोजिम सम्पन्न गर्नुपर्ने क्रियाकलापहरु सम्पन्न गर्ने समयावधि र सोको लागि जिम्मेवार व्यक्ति वा संस्था सहितको कार्य संचालन तालिका निम्न अनुसार दिइएको छ । सो बमोजिम गर्नु, गराउनु कार्यक्रममा संलग्न सबै निकाय तथा पदाधिकारीहरुको कर्तव्य हुनेछ :

| क.सं. | क्रियाकलापहरु | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | को जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरीकको अभिलेख संकलन | बैशाख | संस्थाले | गाविसको अभिलेखबाट | संस्था | |
| २ | विद्यालयहरुले विद्यार्थी विवरण पठाउन अनुरोध पत्र प्रेसित गर्ने | बैशाख | संस्थाले | लिखित पत्राचार | संस्था र विद्यालय | |
| ३ | शिक्षक बैठकबाट विद्यार्थी चयन | जेष्ठ | विद्यालय | स्टाफ बैठक | प्रधानाध्यापक | |
| ४ | विद्यालय व्यवस्थापन समितिबाट बैठकमा निर्णय | जेष्ठ | विद्यालय | व्यवस्थापन समिति बैठक | प्रअ/वि.व्य.स. अध्यक्ष | |
| ५ | निर्णय प्रतिलिपी र सिफारिस संस्थामा पठाउने | असार | विद्यालय | बैठकको निर्णयको प्रति र पत्रमार्फत | प्रधानाध्यापक | |
| ६ | बैंक स्टेटमेन्ट लिएर गाविसस्तरीय सिफारिस समितिको बैठक बोलाउने | श्रावण | संस्था | बैंकको स्टेटमेन्ट लिने | संस्था | |
| ७ | जेष्ठ नागरीक र विद्यार्थी संख्या निर्णय गरी ब्याज रकमबाट रकम विनियोजन | श्रावण | सिफारिस समिति | बैठकको निर्णय | सिफारिस समिति/संस्था | |

| क्र.सं. | क्रियाकलापहरु | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | को जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | सरोकारवालालाई पत्राचार गरी आमन्त्रण गर्ने | श्रावण/ भाद्र | संस्था | सि.स.को सिफारिस | लिखित पत्राचारमार्फत | |
| ९ | औपचारिक कार्यक्रम आयोजना गरी सम्मान तथा छात्रवृत्ति वितरण गर्ने | भाद्र | संस्था | भाद्र ११ गते वा भाद्र दोस्रो साता | औपचारिक कार्यक्रम | |
| १० | प्रतिवेदन तयारी र अभिलेखीकरण | भाद्र | संस्था | कार्यक्रम सम्पन्न भएको २ हप्ता | संस्थाको अभिलेखालय | |

**१३. संस्थाको कार्य समितिलाई अधिकार:**

यस अक्षय कोष परिचालनको लागि गठित सिफारिस समितिभित्र आन्तरिक विवाद उत्पन्न भई कोष परिचालनमा बाधा पर्ने अवस्था सिर्जना भएमा, वदनीयतपुर्वक काम गरेको प्रमाणित भएमा वा समितिका सदस्यहरुबाट रकम हिनामिना हुने अवस्था आएमा सो उपर संस्थाको कार्य समितिले निर्णय गरी आवश्यक कानुनी कारवाही गर्न सक्नेछ । तर सो कानुनी कारवाहीमा जानु अगाडि सफाइ पेश गर्ने मौका भने दिइनेछ ।

**१४. वाधा अडकाउ फुकाउने**

संस्थाको बैठकद्वारा यो कार्यविधि र यस अन्तरगत सञ्चालित अक्षय कोष परिचालनमा समय सापेक्ष वाधा अड्काउ फुकाउने र संशोधन गरी कार्यान्वयनमा सहजीकरण गर्न सक्नेछ ।

**१५. खारेजी र वचाऊ:**

(क) अक्षय कोष स्थापनार्थ हालसम्म भएका सम्पुर्ण क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।